**महालेखापरीक्षकको कार्यालय**
**व्यबस्थापन तथा केन्द्रिय सचिवालय**
आन्तरिक सञ्चार पत्र

मितिः २०८०।७।१३

**विषयः कार्यालय बैठकको निर्णय कार्यान्वयन ।**

**श्री सबै लेखापरीक्षण विभाग**, महानिर्देशनालय, **निर्देशनालय**
महालेखापरीक्षकको **कार्यालय, अनामनगर, काठमाण्डौं।**

मिति २०८०।७।१३ गते श्रीमान् कार्यबाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यूको अध्यक्षतामा उप-महालेखापरीक्षकज्यूहरु, नायब महालेखापरीक्षकज्यूहरु र निर्देशकज्यूहरु तहसम्मको उपस्थितिमा भएको बैठकबाट भएका देहायबमोजिमको निर्णय कार्यान्वयनका लागि प्रेषित गरिएको व्यहोरा अनुरोध छ।

जानकारीका लागि
**श्रीमान् कार्यवाहक** महालेखापरीक्षकज्यू,

पशुपति कुमार काफ्ले
(निर्देशक)

**निर्णय**

**निर्णय नं. १:** आर्थिक वर्ष २०७९।८० को आर्थिक कारोबारको प्रथम चरणमा ४६ जिल्लाको लेखापरीक्षण तथा सम्परीक्षणको प्रगति सम्बन्धमा जिल्लागत प्रगति स्थितिका सम्बन्धमा सम्वन्धित नायब महालेखापरीक्षकज्यूहरूबाट प्रस्तुतीकरण भएको थियो। नीति, योजना तथा जनशक्ति एवं केन्द्रिय प्रतिवेदन महानिर्देशनालयले सफ्टवेयरबाट जिल्लागत तथा मन्त्रालयगत प्रगति प्रतिवेदन तयार गरी महालेखापरीक्षकको सचिवालयमा ५ दिनभित्र पेश गर्ने।

**निर्णय नं. २:** २०८० भाद्र/आश्विन महिनामा स्थलगत लेखापरीक्षणमा खटिएका टोली प्रमुखहरूले लेखापरीक्षणको मुख्य मुख्य व्यहोरा समेटी २०८०।७।१७ गतेभित्र अनिवार्य रूपमा भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने, २०८०।७।१९ गते शासकीय व्यवस्था विभाग, २०८०।७।२० गते अर्थ राजस्व विभाग, २०८०।७।२१ गते पूर्वाधार विकास विभाग र २०८०।७।२२ गते आर्थिक सामाजिक सेवा विभाग मातहतका टोली प्रमुखले मुख्य मुख्य व्यहोरा प्रस्तुत गर्नुपर्ने, सो प्रस्तुतीकरणमा सम्बन्धित विभागका पदाधिकारी, लेखापरीक्षण टोलीका सदस्य उपस्थित हुनुपर्ने व्यवस्था मिलाउने।

**निर्णय नं. ३:** आर्थिक वर्ष २०७९।८० को दोस्रो चरणको लेखापरीक्षण २०८० मार्गको पहिलो हप्ताबाट शुरु गर्ने गरी कार्यतालिका तयार गर्ने र संयुक्त लेखापरीक्षणको व्यवस्थापनका लागि नीति, योजना तथा जनशक्ति विकास महानिर्देशनालय र विभागगत लेखापरीक्षणका लागि सम्बन्धित लेखापरीक्षण विभागले आवश्यक व्यवस्था मिलाउने। उपत्यकास्थित कार्यालयको मन्त्रालय, विभाग, आयोजनाको समेत लेखापरीक्षण गर्ने व्यवस्था मिलाउने।

**निर्णय नं. ४:** सार्वजनिक लेखा समितिको २०८०।६।२४ को बैठकको निर्णय जानकारी गराइयो। समितिको निर्णयानुसार सम्परीक्षण कार्य गरी विभागगत/महानिर्देशनालयगत/निर्देशनालयगत अभिलेख राख्ने, समितिलाई उपलब्ध गराउनु पर्ने सूचना/विवरण जानकारी समयमा उपलब्ध गराउने।

**निर्णय नं. ५:** महालेखा नियन्त्रक कार्यालयबाट सार्वजनिक क्षेत्र लेखामान (NPSAI) अनुसार आर्थिक वर्ष २०७९।८० को विवरण/वित्तीय विवरण पेस भएको र सो वित्तीय विवरण प्रमाणीकरण गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्ने र सो लेखापरीक्षण प्रतिवेदनको आधारमा वार्षिक प्रतिवेदन तयार गर्ने गरी व्यवस्थापन र नीति योजना महानिर्देशनालय एवं केन्द्रिय प्रतिवेदन महानिर्देशनालयले आवश्यक तयारी गर्ने।

**निर्णय नं. ६:** आर्थिक वर्ष २०७९।८० मा विकास साझेदारहरूको सहयोगमा सञ्चालित आयोजनाहरूको आयोजना हिसाब प्रमाणीकरण गर्नुपर्ने समयभित्र लेखापरीक्षण सम्पन्न गर्नका लागि सम्बन्धित विभाग/महानिर्देशनालयले प्राथमिकता दिई आवश्यक व्यवस्था मिलाउने।

**निर्णय नं. ७:** कार्यालय सञ्चालन र व्यवस्थापनका लागि स्थान अभाव भएको सन्दर्भमा सडक बोर्ड नेपालसँग अनुरोध गरेबमोजिम सडक बोर्ड नेपालको मीनभवनस्थित कार्यालय भवनमा कार्य सञ्चालन गर्ने व्यवस्था व्यवस्थापन महानिर्देशनालयले मिलाउने।

**निर्णय नं. ८:** कार्यालयको वेभसाइटमा कार्यालय बैठकको निर्णय र परिपत्रहरूको डिजिटल अभिलेख राख्ने व्यवस्था मिलाउने,गत विगतका निर्णय, परिपत्रहरू सङ्कलन गरी वेभसाइटमा अभिलेख अद्यावधिक गर्ने कार्य सचिवालयबाट गर्ने।

**निर्णय नं. ९:** लेखापरीक्षण सुधार कार्ययोजनाअनुसार लेखापरीक्षण संस्थाको स्वतन्त्रता, लेखापरीक्षण व्यबस्थापन, लेखापरीक्षण गुणस्तरीयता, संगठन संरचना र क्षमता विकास, लेखापरीक्षण आचारसंहिता, लेखापरीक्षण प्रतिवेदन, बेरुजु फर्स्योट र सम्परीक्षण, जिम्मेवारिता र जवाफदेहिता, प्रविधि अवलम्वन, अन्तर्राष्ट्रिय आवद्धता, वित्तीय सुशासनमा भुमिका लगायत विषयमा स्वीकृत कार्ययोजनाअनुसार कार्य व्यवस्थापन गरी लेखापरीक्षण संस्थाको मूल्य र मान्यता (Value & Benefit), अभिवृद्धिमा सबै कर्मचारीको सहयोग रहने विश्वास गर्दै सुधार कार्ययोजनाअनुसार कार्य गर्ने व्यवस्था मिलाउने।

**निर्णय नं. १०:** विविध कार्यसूचीअनुसार देहायका विषयमा भएका निर्णयानुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाउने:

१०.१ रणनैतिक योजना (२०२१-२५) को मध्यावधि मूल्याङ्कन गरी सुधार कार्यलाई प्राथमिकता दिई रणनैतिक योजना कार्यान्वयन प्रभावकारी बनाउने,

क्रमशः

१०.२ कर्मचारीहरूको हाजिरी, बिदा, काज आदि अद्यावधिक गर्ने र सम्बन्धित नायब महालेखापरीक्षकले अनुगमन गर्ने,

१०.३ विभिन्न कार्य सम्पादन गर्न गठित समितिहरूको कार्य प्रभावकारिता बढाई कार्य गर्ने,

१०.४ यो वर्षको लेखापरीक्षण गुणस्तर नियन्त्रण तथा आश्वततताको कार्य सम्पन्न गरी प्रतिवेदन तयार गर्ने,

१०.५ लेखापरीक्षण नियमावली, लेखापरीक्षण सेवा नियमावलीलाई अन्तिम रूप दिई अर्थ मन्त्रालय मार्फत नेपाल सरकारमा स्वीकृतिका लागि पेश गर्ने,

१०.६ अन्तर्राष्ट्रिय मुद्रा कोषको प्राविधिक सहयोगमा संचालन हुने फोरन्सिक लेखापरीक्षण सम्बन्धी तालीममा कर्मचारीहरु मनोनयन गर्ने,

**निर्णय नं. ११:** कार्यालयको अर्को नियमित बैठक २०८० मार्ग १ गते १०:३० बजे बस्ने र निर्देशक तहसम्मको अनिवार्य उपस्थित गर्ने निर्णय गरियो ।